# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## मदाने गाउँपालिका

## गुल्मी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## मदाने गाउँपालिका
### गुल्मी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
( लुम्बिनी प्रदेश )

पत्र संख्याः २०७९।८०
च.नं. १४१

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू ,
मदाने गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
गुल्मी ।

**कैफियत सहितको राय**

हामीले मदाने गाउपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. २ करोड ३० लाख ३८ हजार बेरुजू देखिएको छ। उक्त गाउँपालिकाबाट प्रतिकृया पेश भई रु ४३ लाख ५० हजार फछ्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ८१ लाख २९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६३ लाख ४९ हजार, नियमित गर्नुपर्ने रु. ८५ लाख ६० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ९१ लाख १३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. ३ करोड २१ लाख ५१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/नगर कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

श्रीकुमार राई
नायब महालेखापरीक्षक

मदाने गाउँपालिका, गुल्मी

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६० | १०५ | २७३८९ | ० | ३७ | ४३५० | ६० | ६८ | २३०३८ | ८१२९ | ८५६० | ६३४९ | ० | ० | १४९०८ | ० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | १६.२ | मुल्य समायोजन | १५४३४१८ |
| २ | १७.२ | पेश्की फछ्र्यौट | २४८२००० |
| ३ | ३२ | वढि भुक्तानी | १०८५८५ |
| ४ | ३३.१ | आन्तरिक लेखापरिक्षण तर्फको वेरुजु | २०४५७९.५३ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मदाने गाउँपालिका गुल्मी | ९११३ | ० | ० | ९११३ | ० | २३०३८ | ३२१५१ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : मदाने गाउँपालिका, गुल्मी , मदाने गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Kamal Prasad Bhusal | २०७८-८-५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Tara Bhattarai | २०७८-१२-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २३,०३८,६५७.८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९,५३,४६,३२३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३९,७०,१९,००० | **चालु खर्च** | २५,१८,८१,४७० |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५८,६२,००० | **पूँजीगत खर्च** | २१,४३,६६,४४३ |
| **राजश्व बाँडफाँट** | ७,०७,६९,९८५ | **वित्तीय/अन्य व्यवस्था** | २०,६४,४०,५२० |
| **आन्तरिक आय** | ३०,६८,०१९ | | |
| **अन्य आय** | १७,१८,७४,७९४ | | |
| **कुल आय** | ६७,८५,९३,७९८ | **कुल खर्च** | ६७,२६,८८,४३३ |
| **बाँकी मौज्दात** | | १०,१२,५१,६८८ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्दतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ९४.५२ वर्ग किलोमिटर २१८९९ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>एकिकृत आयव्यय विवरण<br><br>
<table>
<tr><td>सि.नं</td><td colspan="3">आयतर्फ</td><td>सि.नं</td><td colspan="3">व्ययतर्फ</td></tr>
<tr><td></td><td>विवरण</td><td>रकम</td><td>रकम</td><td></td><td>विवरण</td><td>रकम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी (बैंक)</td><td></td><td>९५३४६३२३</td><td>१</td><td>चालु खर्च</td><td>२५१८८१४७०</td><td>२५१८८१४७०</td></tr>
<tr><td></td><td>क) संचित कोष जिम्मेवारी</td><td>८५००६९९६</td><td></td><td>२</td><td>पूँजीगत खर्च</td><td>२१४३६६४४३</td><td>२१४३६६४४३</td></tr>
<tr><td></td><td>ख) धरौटी खाता जिम्मेवारी</td><td>७४४८४४९</td><td></td><td>३</td><td>वित्तिय व्यवस्था भुक्तानी</td><td></td><td></td></tr>
<tr><td></td><td>ग) कोष खाताको जिम्मेवारी</td><td>१०००००</td><td></td><td></td><td>क) ऋण भुक्तानी</td><td></td><td></td></tr>
<tr><td></td><td>घ) विविध खर्च खाता</td><td>२७९०८७८</td><td></td><td></td><td>ख) ब्याज भुक्तानी</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | | |

| | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| २ | राजस्व ( आन्तरिक आय) | | ७३८३८००४ | | ग) अन्य भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ३०६८०१९ | | ४ | लगानी | | |
| | ख) संघीय राजस्व बाँडफाँड | ६५२५५००० | | | शेयर लगानी | | |
| | ग) प्रदेश राजस्व बाँडफाँड | ५५१४९८५ | | | अन्य लगानी | | |
| | घ) अन्य आय | ० | | ५ | धरौटी फिर्ता | २५०८२३४ | २५०८२३४ |
| | ङ) दहत्तर बहत्तर बापत प्राप्त रकम | ० | | ६ | अनुदान फिर्ता | | ४३१७२८०७ |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३९७०१९००० | | क) सामाजिक सुरक्षा फिर्ता | ० | |
| | क) वित्तिय समानीकरण अनुदान | ९७३००००० | | | ख) संघमा फिर्ता | ४०३५०३३३ | |
| | ख) सशर्त अनुदान | २७६०१९००० | | | ग) प्रदेशमा फिर्ता | २८२२४७४ | |
| | ग) समपूरक अनुदान | ४६००००० | | ७ | अन्तरसरकारी अख्तियारी | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | घ) विशेष अनुदान | १९१००००० | | | क) सामाजिक सुरक्षा | ९४८८०१६० | ९४८८०१६० | |
| | | | ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ३५८६२००० | ८ | विविध खर्च खाता | | ६४६७१९८२ | |
| | | | | क) वितिय समानीकरण अनुदान | ४५१८००० | | | क) औद्योगिक ग्राम निर्माण | ४९१३९०४ | | |
| | | | | ख) सशर्त अनुदान | ८५४४००० | | | ख) प्रशासकीय भवन पूर्वाधार साझेदारी | १८०००००० | | |
| | | | | ग) समपुरक अनुदान | १५०००००० | | | ग) १५ सैया अस्पताल | ३९२८०५२० | | |
| | | | | घ) विशेष अनुदान | ७८००००० | | | घ) सडक बोर्ड नेपाल | ८९९००० | | |
| | | | ५ | अन्तरसरकारी अख्तियारी | | | | ङ) स्वच्छ वातावरण | १५७८५५८ | | |
| | | | | क) सामाजिक सुरक्षा | ९४८८०१६० | 94880160 | ९ | विपत खर्च | १२०७३३७ | १२०७३३७ | |
| | | | ६ | विविध खर्च खाता | | ६७७५८०७८ | १० | मौज्दात (बैंक मौज्दात) | | १०१२५१६८८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क) औद्योगिक ग्राम निर्माण | ८०००००० | | | क) संचित कोष खाता | ८३२६३४२५ | |
| | ख) प्रशासकीय भवन पूर्वाधार साझेदारी | १८०००००० | | | ख) धरौटी मौज्दात | ११४५५६१० | |
| | ग) १५ सैया अस्पताल | ३९२८०५२० | | | ग) कोष खाता मौज्दात | १००००० | |
| | घ स्वच्छ वातावरण | १५७८५५८ | | | घ) विविध खर्च खाता | ६४३२६५३ | |
| | ङ) सडक बोर्ड नेपाल | ८९९००० | | | | | |
| ७ | धरौटी आय | ७०२८८५९ | ७०२८८५९ | | | | |
| ८ | विपत कोष तर्फको आय | १२०७३३७ | १२०७३३७ | | | | |
| ९ | कन्टिन्जेन्सी आम्दानी | १०००३६० | १०००३६० | | | | |
| | जम्मा | ७७३९४०१२१ | ७७३९४०१२१ | | जम्मा | ७७३९४०१२१ | ७७३९४०१२१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **सुत्र प्रणालीबाट फा.नं. २७२** | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td colspan="9">Bitmap</td></tr>
<tr><td colspan="9"></td></tr>
<tr><td colspan="9">म.ले.प.फा.नं. २७२</td></tr>
<tr><td colspan="9">मदाने गाउँपालिका</td></tr>
<tr><td colspan="9">गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी</td></tr>
<tr><td colspan="9">कार्यालयको कोड : ८०५५२५०७३००</td></tr>
<tr><td colspan="9"></td></tr>
<tr><td colspan="9">वित्तीय प्रतिवेदन</td></tr>
<tr><td colspan="9"></td></tr>
<tr><td colspan="9"></td></tr>
<tr><td colspan="9">आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१ - २०७९/०३/३२</td></tr>
<tr><td colspan="9">प्राप्ती भुक्तानी हिसाव</td></tr>
<tr><td rowspan="2">विवरण</td><td rowspan="2">टिप्पणी</td><td colspan="4">यस वर्ष रु.</td><td colspan="3">गतवर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको</td><td>वस्तुगत/</td><td>जम्मा</td><td>आफैले गरेको</td><td>वस्तुगत/</td><td>जम्मा</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | प्राप्ति/भुक्तानी | सोझै भुक्तानी | | प्राप्ति/भुक्तानी | सोझै भुक्तानी | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ती (क+ख) | | ५३,७०,१०,७२५ | ५५,१८,८७,५१८.०४ | | ५५,१८,८७,५१८.०४ | ४५,९२,७४,३३९.२१ | | ४५,९२,७४,३३९.२१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५१,४५,१०,७२५ | ५३,११,९४,९७६.०२ | ० | ५३,११,९४,९७६.०२ | ४३,९१,७२,३७४.२४ | ० | ४३,९१,७२,३७४.२४ |
| ११००० कर | ११ | ७,८७,२८,७२५ | ७,७२,३३,४५२.०२ | ० | ७,७२,३३,४५२.०२ | ६,३०,७९,३७४.२४ | ० | ६,३०,७९,३७४.२४ |
| १३००० अनुदान | | ४३,३२,८२,००० | ४५,१९,१४,००० | ० | ४५,१९,१४,००० | ३७,६०,९३,००० | ० | ३७,६०,९३,००० |
| संघीय सरकार | १२ | ३९,७४,२०,००० | ४१,६०,५२,००० | ० | ४१,६०,५२,००० | ३३,१२,७४,००० | ० | ३३,१२,७४,००० |
| प्रदेश सरकार | १२ | ३,५८,६२,००० | ३,५८,६२,००० | ० | ३,५८,६२,००० | ४,४८,१९,००० | ० | ४,४८,१९,००० |
| १४००० अन्य राजस्व | | २५,००,००० | २०,४७,५२४ | ० | २०,४७,५२४ | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see table below) | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ख. अन्य प्राप्ति | | २,२५,००,००० | २,०६,९२,५४२.०२ | | २,०६,९२,५४२.०२ | २,०१,०१,९६४.९७ | | २,०१,०१,९६४.९७ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | २,२५,००,००० | १,३५,४९,९८१ | ० | १,३५,४९,९८१ | १,६७,००,००० | ० | १,६७,००,००० |
| धरौटी | | ० | ७१,४२,५६१.०२ | ० | ७१,४२,५६१.०२ | ३४,०१,९६४.९७ | ० | ३४,०१,९६४.९७ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६२,२०,१७,७२१ | ४९,९६,१२,६२७.४२ | | ४९,९६,१२,६२७.४२ | ३८,४७,४०,४३०.४० | | ३८,४७,४०,४३०.४० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५९,९५,१७,७२१ | ४८,७०,७५,१५१.४२ | | ४८,७०,७५,१५१.४२ | ३७,०९,७४,६३९.४० | | ३७,०९,७४,६३९.४० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०,९९,५६,९०८ | १७,४०,४०,१७९.०८ | ० | १७,४०,४०,१७९.०८ | १५,१२,२७,१३०.३० | ० | १५,१२,२७,१३०.३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,७३,६६,१२० | ६,५१,५७,१५१.६० | ० | ६,५१,५७,१५१.६० | ७,२४,८०,४०८.७६ | ० | ७,२४,८०,४०८.७६ |
| २५००० सहायता (Subsidy) | १८ | ७१,५२,००० | ५९,०९,२२३ | ० | ५९,०९,२२३ | १,२९,५०० | ० | १,२९,५०० |
| २६००० अनुदान | १८ | १०,००,००० | १०,००,००० | ० | १०,००,००० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | २,७९,०६,००० | २,८५,१४,०४७ | ० | २,८५,१४,०४७ | १,०२,९५,१६८ | ० | १,०२,९५,१६८ |
| २८००० अन्य खर्च | १८ | ३३,००,००० | १२,७९,४०८ | ० | १२,७९,४०८ | १९,०५,५१५ | ० | १९,०५,५१५ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २५,२८,३६,६९३ | २१,११,७५,१४२.७४ | ० | २१,११,७५,१४२.७४ | १३,४९,३६,९१७.३४ | ० | १३,४९,३६,९१७.३४ |
| घ. अन्य भूक्तानी | | २,२५,००,००० | १,२५,३७,४७६ | | १,२५,३७,४७६ | ३८,४७,४०,४३०.४० | | ३८,४७,४०,४३०.४० |
| कोषहरु | | २,२५,००,००० | १,०१,२१,२४१ | ० | १,०१,२१,२४१ | १,३६,९५,७९१ | ० | १,३६,९५,७९१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| धरौटी | | ० | २५,०८,२३४ | ० | २५,०८,२३४ | ७०,००० | ० | ७०,००० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -९१,९९९ | | -९१,९९९ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (८,५०,०६,९९६) | ५,२२,७४,८९०.६२ | | ५,२२,७४,८९०.६२ | ७,४५,३३,९०८.८१ | | ७,४५,३३,९०८.८१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८,९२,४१,९१०.५७ | | ८,९२,४१,९१०.५७ | २,९३,३१,२५०.६८ | | २,९३,३१,२५०.६८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (८,५०,०६,९९६) | १४,१५,१६,८०१.१९ | | १४,१५,१६,८०१.१९ | १०,३८,६५,१५९.४९ | | १०,३८,६५,१५९.४९ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १४,३४,५०,३३५.१६ | | १४,३४,५०,३३५.१६ | ३९,८५,७७,४८४.८६ | | ३९,८५,७७,४८४.८६ |

कार्यालयको सुत्र प्रणालीबाट तयार भएको आय व्ययमा देहायको अवस्था देखिएको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | क) प्रणाली अनुसार शुरु मौज्दातः सुत्र प्रणालीले गत वर्षको अन्तिम मौज्दात र यो वर्षको शुरु मौज्दात बराबर देखाएको हुनु पर्दछ । तर कार्यालयको प्रणालीले गत वर्षको अन्तिम मौज्दात रु. ३९८५७७४८४. ८६ देखाएकोमा यो वर्ष शुरु मौज्दात रु. ९५३४६३२३ जिम्मेवारी सारेकाले रु. ३०३२३११६२ घटी जिम्मेवारी सारेको देखियो । कार्यालयले यसको कारण उल्लेख गरेको छैन ।<br>ख) अन्तिम बैंक बाँकी मौज्दातः कार्यालयले पेश गरेको आर्थिक विवरणमा यो वर्षको अन्तमा बाँकी बैंक मौज्दात रु. १० करोड १२ लाख ५१ हजार ६८८ रहेकोमा सुत्र प्रणाली वित्तीय अवस्था फा.नं २७२ ले रु. १४ करोड ३४ लाख ५० हजार ३३५ बैंक मौज्दात देखाएकाले प्रणालीको वित्तीय विवरण र एकिकृत आयव्ययको मौज्दात रु. ४२१८८६४७ फरक परेको देखियो । कार्यालयले यसको कारण उल्लेख गरेको छैन ।<br>ग) धरौटीः कार्यालयको गत वर्षको धरौटी बाँकी रु. ७४४८४४९ र यो वर्षको आम्दानी रु. ७०२८८५९ समेत रु. १४४७७३०८ मध्ये फिर्ता रु. २५०८२३४ भई बाँकी रु. ११९६९०७४ हुनुपर्नेमा धरौटीको अन्तिम मौज्दात रु. ११४५५६१० मात्र रहेको छ । रु. ५१३४६४ धरौटी मौज्दात कम जिम्मेवारी सारेको देखिएको छ । यसको कारण खुल्न सकेन । त्यस्तै सुत्र प्रणालीले यो वर्षको आम्दानी रु. ७१४२५६१ तथा खर्च । फिर्ता रु. २५०८२३४ मात्र समावेश गरेको देखिएकाले प्रणालीले धरौटीको यथार्थ अवस्था देखाउन सकेको छैन । यसमा सुधार गरिनु पर्दछ ।<br>ङ) लेखापरीक्षणका क्रममा असुलीः यस आर्थिक वर्षको लेखापरीक्षणका क्रममा रु. १०२७१ असुल भएको छ | |
| ४ | | | **वित्तीय विवरण परीक्षण**<br><br>आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्थाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ५.१ | | | आन्तरिक नियन्त्रणः स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसा रहेका छन्<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,<br><br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको,<br><br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको,<br><br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको,<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरे नगरेको,<br><br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेको<br><br>• अधुरा आयोजनाको समिक्षा नगरेको<br>• यस मदाने गाउँपालिकाको आ.व २०७८/०७९ मा चालु खर्च र पुँजिगत खर्चको गो.भौ हेर्दा १० हजार भन्दा माथिको सुचना प्रसारण तथा प्रकाशन गर्दा भ्याट सहित ३३२००००/- खर्च गरेको देखिन्छ भने ठेक्काको वोलपत्र आवान गर्दा २२३२२८६/- गरी जम्मा सुचना प्रकासन एजेन्सीको नाममा रकम भुक्तानी दिई खर्च लेखेको देखिन्छ । क्यालेन्डरमा शुभकामना तथा पत्रिकामा शुभकामना बधाइ जानकारी प्रकाशन गर्दा आफुखुसी छपाइ गर्ने र भुक्तानी लैजाने प्रवृति देखापरेको देखिन्छ साथै भुक्तानीमा पनि एकरुपता भएको देखिदैन ।निस्चित मापदन्ड बनाइ भुक्तानीमा एकरुपता कायम गरी खर्चलाइ प्रभावकारीता,पारदर्शिता, मितव्ययिता बनाउनु पर्ने देखियो आदि । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.२ | | | बेरुजु लगतः कार्यालयले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । पालिकाले निम्नानुसार बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरेको पाइएन ।<br>-म.ले.प. फाराम ८०१ - बेरुजु लगत<br>-म.ले.प. फाराम ८०२ - बेरुजुको कार्यालयगत प्रतिवेदन<br>-म.ले.प. फाराम ८०३ - बेरुजुको केन्द्रीय कार्यालयगत लगत<br>-म.ले.प. फाराम ८०४ - बेरुजुको कार्यालयगत केन्द्रीय प्रतिवेदन<br>-म.ले.प. फाराम ८०५ - सम्परीक्षण गोश्वारा अभिलेख<br>तसर्थ, स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ५.३ | | | सूचना प्रविधी पद्दतिः सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control) Developer सँग नै रहेको, प्रवेश नियन्त्रण (access control) अन्तिम रुपमा कार्यालयको आई.टी शाखामा मात्र रहेको पाईयो । राजश्व संकलन जस्तो संवेदनशिल विषयमा संकलन गरेको रसिद रद्ब भएमा वा रसिद सच्याईएमा सोको अन्तिम निरीक्षण गरी चेकजाँच गर्न सक्ने गरी कार्यालय प्रमुखले जानकारी पाउने अवस्था देखिएन । कार्यालयले आन्तरिक नियन्त्रण कायम हुने गरी राजश्व सम्वन्धी अवस्थाको प्रवेश नियन्त्रण (access control) राजश्व संकलन गर्ने व्यक्ति, लेखा राख्ने व्यक्ति र कार्यालय प्रमुख समेतमा रहने गरी विकास गरिनु पर्दछ । कार्यालयको सफ्टवेयर संचालन सम्बन्धी समग्र अवस्था निम्नानुसार रहेको छः<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको,<br>• सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको,<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको ।<br>तसर्थ, कार्यालयले सूचना प्रविधी नियन्त्रण वातावरणमा आन्तरिक नियन्त्रण कायम गरी स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी राजश्व तथा अभिलेख व्यवस्थापन गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>भ्रमण तथा भ्रमण खर्चको अभिलेखः भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरी अभिलेख राखेको पाईएन ।<br><br>• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,<br><br>• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,<br><br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको ।<br><br>अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।<br><table><tr><th>क्र.सं</th><th>क्षेत्र</th><th>बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा खर्चको तुलनामा</td></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>६८०९४७८७</td><td>४९७६१९०२</td><td>१०.४१</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>१९४७११९०७</td><td>१८०८९०८३६</td><td>३७.८६</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२९५४७३१२०</td><td>२४३९१३३३०</td><td>५१.०५</td></tr>
<tr><td>४</td><td>बन बातावरण तथा विपत व्यवस्थापन विकास</td><td>१२६५०००</td><td>१२६५०००</td><td>०.२६</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>४७५००००</td><td>१२०७३३७</td><td>०.२५</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१००००००</td><td>७९१९४५</td><td>०.१७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५६५२९४८१४</td><td>४७७८३०३५०</td><td>१००</td></tr>
</table>
<br>पालिकाले उपलब्ध गराएको विवरण अनुसारअन्य कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा सबैभन्दा कम ०. १७ प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५१.०५ प्रतिशत बजेट विनियोजन गरी खर्च गरेको छ । त्यसैगरी पूर्वाधार विकासमा पालिकाले ३७.८६ प्रतिशत मात्र बजेट खर्च गरेको छ । तसर्थ, पालिकाले समानुपातिक विकास हुने गरी रोजगारी सिर्जनाको क्षेत्रमा जोड दिएर पूँजीगत विकासमा जोड दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>६.२</td><td></td><td></td><td>योजनाको आन्तरिकिकरण र सामञ्जस्यताः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामञ्जस्यता गर्नुपर्नेमा पालिकाले गरेको छैन । तसर्थ, यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारीः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष ज्युबाट मिति २०७८।३।०९ गते रु. ५९ करोड ९५ लाख १७ हजार ७२१ बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>चौमासिक खर्चः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।<br>(रु. हजारमा)
<table>
<tr><td rowspan="2">बजेट उपशिर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="4">चौमासिक खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेश्रो चौमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td>चालु खर्च तर्फ</td><td>२८०२००</td><td>५८४०९</td><td>६३२७३</td><td>१५८५१८</td><td>९८३६०</td></tr>
<tr><td>पूँजिगत खर्च तर्फ</td><td>२७६८२४</td><td>२७१७३</td><td>६८८३६</td><td>१८०८१४</td><td>१५४७३३</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>जम्मा</td><td>५५७०२४</td><td>८५५८२</td><td>१३२१०९</td><td>३३९३३२</td><td>२५३०९३</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>१५.३६</td><td>२३.७२</td><td>६०.९२</td><td>४५.४३</td></tr>
<tr><td>पूँजिगत प्रतिशत</td><td>१००</td><td>९.८२</td><td>२४.८७</td><td>६५.३१</td><td>५५.९०</td></tr>
</table>
कार्यालयले तयार गरेको बार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा कार्यक्रम संचालन गरी खर्च गर्नु पर्दछ । कार्यालयले प्रथम चौमासिकमा १५.३६, दोश्रो चौमासिकमा २३.७२, तेश्रो चौमासिकमा ६०.९२ तथा आषाढ महिनामा मात्र ४५.४३ प्रतिशत खर्च गरेको देखियो । त्यस्तै, कार्यालयले पुँजिगत तर्फ निम्नानुसार तेस्रो चौमासिकमा ६५.३१ प्रतिशत र आषाढ महिनामा मात्र ५५.९० प्रतिशत खर्च गरेको देखियो । यसरी आषाढ महिनामा अत्याधिक खर्च गर्दा गुणस्तर एवं वित्तीय शुद्धतामा समेत नियन्त्रण परीक्षण हुन नसक्ने भएकोले सन्तुलित रुपमा खर्च गरिनु पर्दछ । तसर्थ खर्च गर्दा चौमासिक रुपमा सन्तुलन मिलाएर खर्च गरिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>आयको प्रक्षेपण तथा वितरणको खाकाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गर्नुपर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने तथा बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन बमोजिम स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको भएतापनि विषयगत क्षेत्रको बजेट तर्जुमा तोकिएको समयभित्र गरी बजेट सीमा विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराएको छैन । पालिकाले ऐन बमोजिम चरणबद्ध रुपमा स्रोत अनुमान सहितको बजेट तर्जुमा गरी तोकिएको समयमा नै विषयगत शाखा तथा वडा समितीलाई जानकारी गराउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **शिक्षा** | |
| ७.१ | | | विद्यालयको अनुगमन नियमन व्यवस्थाः राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याकंन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।<br>♣ सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।<br>♣ मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।<br>♣ अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।<br>♣ प्रतिवेदन सार्वजनिक गरेको छैन ।<br>तसर्थ पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ७.२ | | | निजी विद्यालय व्यवस्थापनः राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सिमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्<br>• निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।<br>• निजी विद्‌यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।<br>• शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।<br>• अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।<br>अतः पालिकाले विद्‌यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्‌यालयहरुको अनुगमन गर्नुपर्दछ । | |
| ७.३ | | | सार्वजनिक विद्‌यालयको शैक्षिक गुणस्तरः गाउँपालिकाले शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाई सो बमोजिम भए नभएको अनुगमन गरी प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेमा शैक्षिक गुणस्तर मापनको बनाएको छैन । उक्त मापदण्ड बनाई सोको कार्यान्वयन गर्नु पर्दछ । | |
| ८ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| ८.१ | | | सम्पत्ति हस्तान्तरण र अभिलेखः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्वको सम्पूर्ण अभिलेख समेत देखिने गरी एकिकृत अभिलेख तयार भएको छैन । पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पूर्ण हस्तान्तरित चल अचल सम्पत्ति तथा दायित्वको अभिलेख प्रविष्टि गरी एकीकृत अभिलेख प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ८.२ | | | सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगः पालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो । गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.३ | | | सम्पत्ति व्यवस्थापन र सुरक्षाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ । कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन । तसर्थ, नियमावली बमोजिम जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ९ | | | **स्थानीय तह अन्तर्गतका कोषहरु**<br><br>स्थानीय तह अन्तर्गतका कोषहरुः आर्थिक कार्यविधि एवं वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६(१) ले कोषको अभिलेख अद्यावधिक गरी सोको विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गत रहेका लैंगिक हिंसा निवारण कोष, विविध कोष, स्थानीय प्रकोप व्यवस्थापन कोष, लगायतका सम्पूर्ण कोषहरुको विवरण अद्यावधिक गर्दै कोषको आय प्राप्तिको उपयोग गर्नुपर्दछ । | |
| १० | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १०.१ | | | न्यायीक समितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी रहेको ७ र यो बर्ष थप भएको २४ गरी कुल ३१ विवाद दर्ता भएकोमा सम्पूर्ण फर्छ्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०.२ | | | कानून र सञ्चालन स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, ४ वटा नियमावली र २८ कार्यविधि गरी ३९ वटा कानुन र कार्यविधि लगायत निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यस पालिकाले आवश्यक अन्य कानून निर्माण गरेको छैन् । तसर्थ, आवश्यक सवै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ११ | | | **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता**<br><br>अनुदान फिर्ताः संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेकोमा पालिकाले संघीय सरकारलाई रु. ४०३५०३३३ र प्रदेश सरकारलाई रु. २८२२४७४ फिर्ता गरेको छ । | |
| १२ | | | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १२.१ | | | कर्मचारी दरबन्दी र पदपूर्तिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको जम्मा स्वीकृत दरबन्दी संख्या ३२ रहेकोमा १६ जना कर्मचारीको पदपूर्ति भएकोमा १६ जना कर्मचारी रिक्त रहेको छ । त्यसैगरी पालिकाको ७ वडा कार्यालयहरुको लागि ७ जना वडा सचिवको दरबन्दी रहेकोमा ४ वटा मात्र पदपूर्ति भई ३ वटा पद रिक्त रहेकोमा विभिन्न कर्मचारीहरुलाई जिम्मेवारी दिई काम लगाएको देखियो । जनताको प्रत्यक्ष सेवा प्रवाह गर्ने वडा सचिव जस्तो जिम्मेवारीपूर्ण पदमा लामो समय अन्य शाखाका कर्मचारीबाट काम लगाउँदा पालिकाबाट जनतामा प्रवाह हुने सेवाको गुणस्तर र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जिम्मेवारीमा असर पर्दछ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिन्छ । अतः रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । | |
| १२.२ | | | तलवि प्रतिवेदन पारित नगरेकोः निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. २,८३,१८,११२।- खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड वापतको रकम समेत एकिन गर्न सकिएन । पालिकाले तलबी प्रतिवेन पारीत गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ । | |
| १२.३ | | | अवकाश कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको देखिएन । | |
| १३ | | | **राजस्व आन्तरिक नियन्त्रण** | |
| १३.१ | | | आन्तरिक आयः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५, दफा २७ बमोजिम कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपेने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले तोकिए बमोजिमका म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरेको छैन । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्नानुसार फारामहरु अनिवार्य प्रयोग गरी राजश्वको लेखा राख्नु पर्दछ ।<br>• नगदी प्राप्ति रसिद म.ले.प फाराम नं. १०१<br>• दैनिक राजश्व/आम्दानी खाता म.ले.प फाराम नं. १०२<br>• राजश्व/आम्दानीको शिर्षकगत खाता म.ले.प फाराम नं. १०४<br>• राजश्व/आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५<br>• राजश्व/आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • राजश्व/आम्दानीको दैनिक बैंक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७ | |
| १३.२ | | | कर तथा शुल्क असुलीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकाले असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ । | |
| १४ | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| १४.१ | | | विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविधतर्फ मात्र रु. १३५९७१२ खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १४.२ | | | आर्थिक सहायताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैँन । तर पालिकाले यस वर्ष ५१ जनालाई रु ३५१८६८ आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता वितरणका लागि कार्यविधि स्विकृत गरेर ठोस आधारमा सहायता दिने व्यवस्था लागु गरी दिने तथा आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १५ | | | **उपभोक्ताको जनश्रमदान**<br><br>**उपभोक्ता समितिको जनश्रमदान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिवाट गर्ने कार्यको लागत अनुमान तयार कर्दा सार्वजनिक निकायले व्यहोर्ने रकम र उपभोक्ता समितिवाट हुने जनश्रमदान स्पष्ट गरी लागत अनुमान तयार | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गर्नुपर्ने व्यवस्था छ । पालिकावाट लागत अनुमान तयार गर्दा जनश्रमदान देखिने गरी तयार भएको छ । खरिद सम्झौता अनुसार कार्य सम्पादन भई उपभोक्ताको विलमा जनश्रमदान भनी रकम उल्लेख गरेकोमा डोर हाजिर संलग्न गरेको छैन् भने कुन कार्यमा कति जनश्रमदान भएको हो खुल्ने गरी कुनै पनि विवरण संलग्न रहेको छैन् । यसले गर्दा यस कार्यमा वास्तविक रुपमा जनश्रमदान भएको हो भनि एकिन हुन सकेन । यसका केही उदाहरणहरु निम्नानुसार रहेको छ : | |
| १६ | | | **ठे.नं. १७।०७७।७८ को प्रसाशकिय भवन निर्माण** | |

| उपभोक्ता समिति र कामको विवरण | भुक्तानी रकम | जनश्रमदान वापत रकम रु |
|---|---|---|
| जनिपले मालवाङ्ग सानावाजेका विसौना रोटेपानी मो वा | ७,००,००० | ७७,०४७ |
| खेलकुद पुर्वाधार निर्माण योजना | ८,००,००० | ८९,०९७ |
| मोटरबाटो मर्मत सुधार योजना मदाने २ बाँझकटेरी | ६,००,००० | ६७,४५६ |
| भरनलाउने झातावाङ्ग खोला मोटरबाटो | ५,००,००० | ५६,७०५ |
| पुर्कोटदह मोटरवाटो मर्मत सुधार | ६,००,००० | ६७,८११ |
| मलागिरी भोटरबाटो मर्मत सुधार | ६,००,००० | ६६३९४ |
| म्यालपोखरी वडाचौर गैरागाउ झल्कनेपोखरा फव्रेटा मो वा | ३,००,००० | ३४,६७९ |
| म्यालपोखरी मोटरबाटो निर्माण | ६,००,००० | ५१,१५१ |
| सिर्सेनि पुर्वाधार विकास योजना | २,५०,००० | ३०,०५९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६.१</td><td></td><td></td><td>ठे.नं. १७।०७७।७८ को प्रसाशकिय भवन निर्माण कार्यका लागि पालिका र निर्माण व्यवसायी धुलिखेल-अर्जुन-न्यु लिजा जे.भी. वीच कवोल अंक रु रु ८,२७,१८,२०६।१६ (मू.अ.कर र पी.एस. समेत) को मिति २०७९।८।२५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।२।२६ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :<br>क. पेश्की वढी भुक्तानी : सार्वजनिक निकायले निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की भुक्तानी दिदाँ मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम वाहेकको कवोल अंकको खरिद सम्झौतामा उल्लेख भएको सीमासम्म पेश्की दिनु पर्दछ । यस पालिकाले निम्नानुसार निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की भुक्तानी दिदाँ मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम समेतको कवोल अंक अनुसार पेश्की दिएको छ । निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की भुक्तानी दिदाँ मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम वाहेकको कवोल अंक अनुसार दिनु पर्दछ ।
<table>
<tr><th>गो.भौ.</th><th>किस्ता</th><th>कवोल अंक (मू.अ. कर र पी.एस. वाहेक)</th><th>भुक्तानी हुनुपर्ने पेश्की</th><th>भुक्तानी भएको पेश्की</th><th>पेश्की वढी</th></tr>
<tr><td>३१।०७८।०७।०९</td><td>प्रथम</td><td rowspan="2">७,२३,३२,६५३</td><td>७२,३३,२६५</td><td>८०,००,०००</td><td>७,६६,७३४</td></tr>
<tr><td>७३।०७८।१०।०५</td><td>दोश्रो</td><td>७२,३३,२६५</td><td>८५,००,०००</td><td>१२,६६,७३४</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२०,३३,४६८</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६.२</td><td></td><td></td><td>ख. मूल्य समायोजन<br><br>✂ ............................ मिति २०७९-१२-१६ को निर्णयानुसार 1543418.00 को सम्परीक्षण मनासिब देखि फस्यौट गरिएको</td><td>०</td></tr>
<tr><td>१६.३</td><td></td><td></td><td>ग. पेश्की फर्छयौट : यस निर्माण कार्यको खरिद सम्झौतामा सम्झौता रकमको ३०% कामको मूल्याङ्कन भई आएको IPC वाट ४०% का दरले पेश्की फर्छयौट गर्न शुरु गर्ने तर खरिद सम्झौता अवधिको ८०% समय भित्र सम्पूर्ण पेश्की फर्छयौट गर्नुपर्ने व्यवस्था छ । यस पालिकावाट निर्माण व्यवसायीलाई पाँचौ रनिङ्ग विलको भुक्तानी भई सक्दा पनि कुल सम्झौता रकमको ३०% कामको मूल्याकंन नभएको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भनि पेश्की फर्छ्यौट गरेको छैन् । खरिद सम्झौता अनुसारको काम सम्पन्न गर्नुपर्ने अवधिको करिव ८०% समय समाप्त हुने वेला सम्म पेश्की फर्छ्यौट गर्ने कार्य नहुनु उचित भएन । खरिद सम्झौता अनुसार कामको मूल्याङ्कनका साथै पेश्की फर्छ्यौट गरिसक्नु पर्ने अवधिलाई समेत ध्यान दिई पेश्की फर्छ्यौट गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । सरकारी रकम खर्च गर्दा मितव्ययीता तर्फ ध्यान दिनुपर्दछ । | |
| १७ | | | **ठे.नं. ०३।०७७।७८ र ठे.नं. ०५।०७८।७९** | |
| १७.१ | | | **खरिद सम्झौताका शर्त र जमानतको म्याद :** ठे.नं. ०३।०७७।७८ सेफलतिना पुर्कोटकोट दह बृहत खानेपानी योजना निर्माणको लागि पालिका र निर्माण व्यवसायी शुभ प्रेरा जे.भि. वीच कवोल अंक रु १,४७,५७,८७५।०८ को मिति २०७८।०८।०३ मा कार्य सम्पन्न गर्नेगरी मिति २०७७।०९।०८ मा सम्झौता भएको छ । यस निर्मामण कार्यको म्याद २०७९।१।८ सम्म थप भएकोमा कार्य सम्पादन जमानतको म्याद थप भएको छैन् । खरिद सम्झौताको विशेष शर्तहरु: - खरिद सम्झौतामा कार्यक्रम अद्यावधिक गरि पेश गर्नुपर्ने अवधिको अन्तराल पेश गर्ने व्यवस्था लागू नहुने उल्लेख छ। खरिद सम्झौताको शर्तमा स्पष्ट उल्लेख हुनु पर्दछ । - खरिद सम्झौतामा एज विल्ट ड्रइङ्ग पेश गर्नु पर्ने व्यवस्था लागू नहुने उल्लेख छ । खानेपानी टंकी निर्माण र वितरण जस्तो जटिल प्रकृतिको ठूलो लगानी हुने संरचनाको एज विल्ट ड्रइङ्ग पेश गर्नु पर्ने व्यवस्था अनिवार्य रुपमा खरिद सम्झौतामा उल्लेख हुनु पर्दछ । | |
| १७.२ | | | **पेश्की भुक्तानी :**<br><br>✂ .......................... मिति **२०७९-१२-१६** को निर्णयानुसार **2482000.00** को सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको | ० |
| १८ | | | **ठे.नं. ०१।०७७।७८ Construction and Upgrade of Soire Bhotmara Aglung Phedi Road** | |
| १८.१ | | | ठे.नं. ०१।०७७।७८ Construction and Upgrade of Soire Bhotmara Aglung Phedi Road कार्यको लागि पालिका र निर्माण व्यवसायी स्टार शाईन कन्स्ट्रक्सन प्रा.लि. वीच कवोल अंक रु ७१,०७,६५२।०५ को मिति २६ मे २०२१ मा काम सम्पन्न गर्ने गरी मिति १६ अक्टोवर २०२० मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **क. वीमा र गुणस्तर परीक्षण को भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि १२ महिना समेतको विमा गराउनु पर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागि वी.ओ.क्यू. आइटममा वीमा वापत प्रोभिजनल सम रु २०,०००।०० र गुणस्तर परीक्षण वापत रु १०,०००।०० रहेको छ । यस पालिकाले निर्माण कार्यको वी.ओ.क्यू. आइटममा वीमा वापत प्रोभिजनल समको व्यवस्था गरेकोमा सम्झौता कार्यान्वयनको शुरुमा नै वीमा गरी पेश हुनु पर्नेमा कार्य सम्पन्न भएपछी पनि वीमा र गुणस्तर परीक्षण वापत भुक्तानी नभएकोले खरिद सम्झौताको परिपालना भएको देखिएन । यसले गर्दा कामको जोखिम न्युनिकरण गर्ने र कामको गुणस्तर कायम गर्ने तर्फ ध्यान दिएको देखिएन । खरिद सम्झौताको परिपालना गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| १८.२ | | | **ख. कार्य सम्पन्न :** यस निर्माणको काम सम्पन्न गर्नुपर्ने अवधि २०७८।१२।३१ सम्म रहेकोमा नापी कितावमा कार्य सम्पन्न भएको मिति २०७८।१२।२५ उल्लेख भएकोमा अन्तिम विलको भुक्तानीका लागी निर्माण व्यवसायीले मिति २०७९।०२।२३ मा निवेदन दिएको देखियो । यसले गर्दा निर्माण सम्पन्न भएको मिति कुन हो भन्ने सम्वन्धमा एकिन भएन । तोकिएको अवधि भित्रै काम सम्पन्न भएको थियो भन्ने कुरामा आश्वस्त हुन सकिएन । | |
| १९ | | | **ठे.नं. १६।०७७।७८ र ठे.नं. १०।०७७।७८** | |
| १९.१ | | | **पूर्वनिर्धारित क्षतिपूर्ति :** गो.भौ. २८२।०७९।०३।१८ : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायिको ढिलाइको कारणवाट खरिद सम्झौता वमोजिम तोकिएको म्यादमा कार्य सम्पन्न हुन नसकेमा निर्माण व्यवसायीले सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने र पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्वन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायित्वबाट मुक्त हुन नसक्ने व्यवस्था छ । ठे.नं. १०।०७७।७८ Construction of Myalpokhari Pura Ripure Malagiri Road(2nd Phase) कार्यको लागि पालिका र निर्माण व्यवसायी रञ्जित रन्जन कन्स्ट्रक्सन प्रा.लि. वीच कवोल अंक रु १२,३०,६२५।४५(मू.अ.कर समेत) को मिति २०७८।०१।०३ मा काम सम्पन्न गर्नेगरी मिति २०७७।१०।१३ मा सम्झौता भएको छ । यस निर्माण कार्यको म्याद मिति २०७८।०९।२९ सम्म थप भएको छ । यस निर्माण कार्यको हालसम्मको भुक्तानी रु ९,३५,८७७।९८(मू.अ.कर समेत) भएको देखिन्छ । पालिकाले सवै काम सम्पन्न नभई निर्माण व्यवसायीले अन्तिम विल भनि पेश गरेको विजकको आधारमा भुक्तानी दिएको छ । यस निर्माण कार्यको म्याद २०७८।०९।२९ सम्म रहेकोमा म्याद थप नगरी | ९७,७७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | २०७९।०३।१८ मा विल भुक्तानी दिएको छ । म्याद समाप्त भएकोले पुर्वनिर्धारित क्षतिपूर्ति (रु१०,८६,३९४*१८० दिन *०.०५%= ९७,७७५ ) रु ९७,७७५।४६ सम्वन्धित निर्माण व्यवसायीवाट असुल गरी वाँकी काम निजवाट सम्पन्न गर्नुपर्ने रु.. | |
| १९.२ | | | **कामको फरफारक :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५(२) मा कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था रहेको छ । ठे.नं. १६।०७७।७८ construction of physical infrastructure development for industrial village कार्यको लागि पालिका र निर्माण व्यवसायी न्यू लिजा निर्माण सेवा वीच कवोल अंक रु ६९,७५,८९५।४९ को मिति २०७८।०७।२१ मा कार्य सम्पन्न गर्नेगरी मिति २०७८।०२।१८ मा सम्झौता भएको छ । यस निर्माण कार्यको (माटो खन्ने र फाल्ने कार्य) कुल सम्झौता रकम रु ६९,७५,८९५।४९ रहेकोमा रु ४९,७९,२४०।०० को कार्य गरी भुक्तानी दिएको छ । सम्झौता अनुसारको काम पूरा नहुनुको कारणमा साइटमा विवाद भई उपलब्ध नभएकोले (व्यक्तिगत जग्गा भएको) काम पूरा गर्न नसकिएको पालिकाले जानकारी दिएको छ । उक्त कार्यको म्याद समाप्त भएकोमा म्याद थप समेत भएको छैन् भने सम्झौता अनुसारको कार्य अधुरो नै रहेको छ । अधुरो आयोजनाले भविष्यमा दायित्व सृजना हुन सक्ने तर्फ पालिका गंभिर वन्नु पर्दछ । सार्वजनिक खरिद कानून वमोजिम ठेक्का व्यवस्थापन गरी कार्य सम्पन्न गर्ने वा अन्त्य गरी फरफारक गर्नु पर्दछ । | |
| २० | | | **ठे.नं. ४।०७८।७९ Construction of Bhanbhane Healthpost building (Type-2)** | |
| २०.१ | | | ठे.नं. ४।०७८।७९ Construction of Bhanbhane Healthpost building (Type-2) कार्यको लागि पालिका र निर्माण व्यवसायी पन्थ रेसुङ्गा दर्शन वीच कवोल अंक रु १,५३,८१,७८६।२२ (मू.अ.कर र पी.एस. समेत) को मिति २०८०।११।१९ मा काम सम्पन्न गर्नेगरी २०७८।११।१९ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :<br>क. कार्यसम्पादन जमानत : सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) का कार्यस्पादन जमानतको अंक गणना सम्वन्धि व्यवस्था रहेको छ । खरिद सम्झौता अनुसार रु २३,११,८०८।६९ को कार्यसम्पादन जमानत पेश भई सम्झौता हुनुपर्नेमा रु ११,८०८।६९ घटीको कार्यसम्पादन जमानतको आधारमा खरिद सम्झौता भएको नियम सम्मत भएन । | |
| २०.२ | | | **ख. पेश्की वढी भुक्तानी :** सार्वजनिक निकायले निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की भुक्तानी दिदाँ मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम वाहेकको कवोल अंकको खरिद सम्झौतामा उल्लेख भएको सीमासम्म पेश्की दिनु पर्दछ । यस पालिकाले निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की भुक्तानी दिदाँ मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम समेतको कवोल अंक अनुसार पेश्की दिएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | छ । यस निर्माण कार्यको सम्झौता रकम रु १,३४,३७,९६०।०० (मू.अ.कर र पी.एस.वाहेक) को २०% ले हुने रकम रु २६,८७,५९२।०० सम्म अधिकतम पेश्की दिन सकिनेमा रु ३,१२,४०८।०० वढी पेश्की दिएको छ । निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की भुक्तानी दिदाँ मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम वाहेकको कवोल अंक अनुसार दिनु पर्दछ ।<br>**ग. पेश्की जमानतको अवधि :** खरिद सम्झौता र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३(४) अनुसार सम्पन्न गर्नुपर्ने अवधिको ८०% अवधि भित्र पेश्की फर्छ्यौट गर्नुपर्ने र सो अवधिमा थप १ महिना खाम्ने (पेश्की जमानतको न्युनतम अवधि २०८०।७।२५ सम्मको हुनुपर्ने) पेश्की बैंक जमानत पेश गर्नुपर्नेमा कम अवधिको पेश्की जमानत पेश भएको आधारमा पेश्की भुक्तानी दिएको नियम सम्मत भएन । अवधि थप गरी प्रमाण पेश हुनुपर्दछ । | |
| २०.३ | | | **घ. खरिद सम्झौतामा मूल्य समायोजन :** खरिद सम्झौतामा मूल्य वृद्धिका लागि भार गणना गर्दा पालिकाले खरिद सम्झौताको विशेष सर्तमा समायोजन नहुने स्थिर सूचांकको भार ०.१५, लेवरको ०.५-०.७, मेटरियलको ०.१५-०.२०, इक्विपमेण्टको ०.०१-०.०२ को अधिकतर र न्युनतम सीमा उल्लेख भएकोमा निर्माण व्यवसायीले खरिद सम्झौतामा मूल्य वृद्धिका लागि भार गणना गर्दा समायोजन नहुने स्थिर सूचांकको भार ०.१५, लेवरको ०.२०, मेटरियलको ०.४०, इक्विपमेण्टको ०.२५ भार कायम गरेको देखियो । पालिकाले विशेष शर्तमा उल्लेखित सीमा वाहिर निर्माण व्यवसायीले मूल्य वृद्धिका लागि भार पेश गर्ने कार्य नियम सम्मत भएन । पालिकावाट प्रस्तावित भारको सीमा भित्र रहेर मूल्यवृद्धी गणना हुनु पर्दछ । | |
| २१ | | | **ठे.नं. ८।०७८।७९ Construction of Duikholi Motorable Bridge** | |
| २१.१ | | | ठे.नं. ८।०७८।७९ Construction of Duikholi Motorable Bridge कार्यको लागि पालिका र निर्माण व्यवसायी राजेश्वरी रेसुङ्गा दर्शन जे.भी. गुल्मी वीच कवोल अंक रु १,९९,९९,९९९।६४ (मू.अ.कर र पी.एस. समेत) को मिति २०८०।०९।१ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।१२।४ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :<br>**क. कार्यसम्पादन जमानत :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) का कार्यस्पादन जमानतको अंक गणना सम्वन्धि व्यवस्था रहेको छ । खरिद सम्झौता अनुसार रु ३२,३०,८७२।७८ को कार्यसम्पादन जमानत पेश भई सम्झौता हुनुपर्नेमा रु ५०,८३२।७८ घटीको कार्यसम्पादन जमानतको आधारमा खरिद सम्झौता भएको नियम सम्मत भएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१.२ | | | **ख. पेश्की वढी भुक्तानी :** सार्वजनिक निकायले निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की भुक्तानी दिदाँ मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम वाहेकको कवोल अंकको खरिद सम्झौतामा उल्लेख भएको सीमासम्म पेश्की दिनु पर्दछ । यस पालिकाले निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की भुक्तानी दिदाँ मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम समेतको कवोल अंक अनुसार पेश्की दिएको छ । यस निर्माण कार्यको सम्झौता रकम रु १,७१,८१,७०७।३० (मू.अ.कर र पी.एस.वाहेक) को १०% ले हुने रकम रु १७,१८,१७०।७३ सम्म अधिकतम पेश्की दिन सकिनेमा रु २,८०,८२९।२७ वढी पेश्की दिएको छ । निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की भुक्तानी दिदाँ मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम वाहेकको कवोल अंक अनुसार दिनु पर्दछ ।<br>**ग. पेश्की जमानतको अवधि :** खरिद सम्झौता र सार्वजनिक खरिद नियमावली अनुसार सम्पन्न गर्नुपर्ने अवधिको ८०% अवधि भित्र पेश्की फर्छयौट गर्नुपर्ने र सो अवधिमा थप १ महिना खाम्ने (पेश्की जमानतको न्युनतम अवधि २०८०।६।१ सम्मको हुनुपर्ने) पेश्की बैंक जमानत पेश गर्नुपर्नेमा कम अवधिको पेश्की जमानत पेश भएको आधारमा पेश्की भुक्तानी दिएको नियम सम्मत भएन । उक्त कार्य हालसम्म पनि शुरु नभएको पालिकाले जानकारी दिएको छ । निर्माण व्यवसायीले पेश गरेको कार्यतालिका अनुसार कार्य प्रगति हुने गरी समयमा काम गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| २२ | | | **लाभग्राही समुदायबाट खरिद** | |
| २२.१ | | | **उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टवाट गराउन सकिने छैन भन्ने व्यवस्था छ । यस पालिकाले निम्नानुसारको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा उपभोक्ताले लिएको काम निर्माण व्यवसायीको कर विजक संलग्न गरी विल पेश गरेको आधारमा भुक्तानी गरेको छ । उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत काम गराउने कार्य नियम सम्मत भएन । यसका केही उदाहरणहरु निम्नानुसार रहेको छ : | |

| उपभोक्ता समिति र कामको विवरण | विजक पेश भएको निर्माण व्यवसायी | विजक रकम | भुक्तानी रकम |
|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जनिपले मालवाङ्ग सानावाजेका विसौना रोटेपानी मोटरवाटो</td><td>लालुमाया निर्माण सेवा</td><td>८,६४,८८८</td><td>७,००,०००</td></tr>
<tr><td>खेलकुद पुर्वाधार निर्माण योजना</td><td>बिन्दबासिनी कन्स्ट्रक्सन</td><td>९,८६,६००</td><td>८,००,०००</td></tr>
<tr><td>मोटरबाटो मर्मत सुधार योजना मदाने २ बाँझकटेरी</td><td>लालुमाया निर्माण सेवा प्रा.लि.</td><td>६,६४,११५</td><td>६,००,०००</td></tr>
<tr><td>भरनलाउने झातावाङ्ग खोला मोटरबाटो</td><td>सुजता कन्स्ट्रक्सन कम्पनी प्रा.लि.</td><td>६,१७,७७६</td><td>५,००,०००</td></tr>
<tr><td>पुर्कोटदह मोटरवाटो मर्मत सुधार</td><td>Prince Nepal Construction</td><td>७,४१,०६६</td><td>६,००,०००</td></tr>
<tr><td>मलागिरी भोटरबाटो मर्मत सुधार</td><td>सिमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td>६,५४,३९४</td><td>६,००,०००</td></tr>
<tr><td>म्यालपोखरी वडाचौर गैरागाउ झल्कनेपोखरा फव्रेटा मोटरबाटो</td><td>लालुमाया निर्माण सेवा</td><td>३,७१,४०८</td><td>३,००,०००</td></tr>
<tr><td>म्यालपोखरी मोटरबाटो निर्माण</td><td>सिमा कन्स्ट्रक्सन एण्ड सप्लायर्स</td><td>६,५३,३४८</td><td>६,००,०००</td></tr>
<tr><td>सिर्सेनि पुर्वाधार विकास योजना</td><td>लालुमाया निर्माण सेवा</td><td>३,१०,८१८</td><td>२,५०,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२.२</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम नापी किताव / कार्यसम्पन्न प्रतिवेदन : विधालय क्षेत्र विकास कार्यक्रम, कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को १.३ (ड) मा विद्यालय भवन, कक्षा कोठा, शौचालय लगायतका भौतिक निर्माण सम्वन्धी कार्यहरु सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम लेखापरीक्षण समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । यस पालिकावाट आर्थिक बर्ष २०७८।७९ मा संघीय सशर्तवाट ४ वटा विधालयलाई आषाढ महिनामा भवन निर्माण अनुदान रु ९०,००,०००।०० भुक्तानी दिएको छ । आर्थिक बर्ष २०७८।७९</td><td>५,४००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मा ४ वटा विधालयलाई अनुदान मध्ये २ विधालयको कार्य सम्पन्न भई वाँकी २ विधालयको निर्माण कार्य सम्पन्न भएको छैन् । निम्नानुसार विधालयमा भवन निर्माणका लागि अनुदान दिएकोमा सो भुक्तानीलाइ पुष्टयाई गर्ने निर्माण कार्यका कागजातहरु (नापी किताव ,कार्य सम्पन्न प्रतिवेदन) लेखापरीक्षणका क्रममा पेश भएन । अत : उक्त निर्माण कार्यको नापी किताव तथा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु..<br>
<table>
<tr><td>सि.नं.</td><td>विधालयको नाम</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>बालविकास आ.वि. मदाने-२</td><td>३६,००,०००</td><td>४ कोठे भवन</td></tr>
<tr><td>२</td><td>मेहलेपोखरी मा.वि. मदाने-४</td><td>१८,००,०००</td><td>२ कोठे भवन</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५४,००,०००</td><td></td></tr>
</table>
राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियाको वुँदा नं. ११ मा कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहले बजेट तथा कार्यक्रम प्राप्त भए पश्चात आवश्यक प्रक्रिया पुरागरी ७ दिन भित्र विद्यालयलाई निकासा दिने र विद्यालयले प्राप्त रकम यसै आर्थिक वर्ष भित्रैमा तोकिएको कार्यमा खर्च गरी फ्रिज हुन गएमा विद्यालय नै जवाफदेही हुनु पर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न ३ विधालयलाई भवन निर्माणका लागि रु ९०,००,०००।०० अनुदान दिएकोमा यही आर्थिक वर्ष भित्र कार्य सम्पन्न भएको प्रमाण पेश भएन भने रकम फ्रिज भएको समेत देखिएन । अत: क्रियाकलापहरुको कार्यान्वयन प्रक्रियामा भएको व्यवस्थाको परिपालना हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>ठे.नं. १२।०७७।७८ को १५ शैयाको अस्पताल निर्माण</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>ठे.नं. १२।०७७।७८ को १५ शैयाको अस्पताल निर्माणको लागि पालिका र निर्माण व्यवसायी हिम्दुङ्ग-ए.सी. जे.भी. वीच कवोल अंक रु १२,४८,२९,०७७।२६ (मू.अ.कर र पी.एस.समेत) को मिति २०७९।१२।१६ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७८।०१।२१ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **क. पेश्की वढी भुक्तानी :** सार्वजनिक निकायले निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की भुक्तानी दिदाँ मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम वाहेकको कवोल अंकको खरिद सम्झौतामा उल्लेख भएको सीमासम्म पेश्की दिनु पर्दछ । यस पालिकाले निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की भुक्तानी दिदाँ मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम समेतको कवोल अंक अनुसार पेश्की दिएको छ । आर्थिक वर्ष २०७७।७८ मा मोविलाइजेशन पेश्की वापत निर्माण व्यवसायीलाई प्रथम किस्ता वापत रु १,२०,००,०००।०० र दोश्रो किस्ता वापत रु १,२६,००,०००।०० गरी कुल रु २,४६,००,०००।०० भुक्तानी भएको छ । यस निर्माण कार्यको सम्झौता रकम रु १०,९२,९७,५७२।०० (मू.अ.कर र पी.एस.वाहेक) को २०% ले हुने रकम रु २,१८,५९,५१४।४० सम्म अधिकतम पेश्की दिन सकिनेमा रु २७,४०,४८५।०० वढी पेश्की दिएको छ । निर्माण व्यवसायीलाई मोविलाईजेशन पेश्की भुक्तानी दिदाँ मूल्य अभिवृद्धि कर र प्रोभिजनल सम वाहेकको कवोल अंक अनुसार दिनु पर्दछ ।<br>**ख. पेश्की फर्छ्यौट :** यस निर्माण कार्यको खरिद सम्झौतामा सम्झौता रकमको ३०% कामको मूल्याङ्कन भई आएको IPC वाट ४०% का दरले पेश्की फर्छ्यौट गर्न शुरु गर्ने तर खरिद सम्झौता अवधिको ८०% समय भित्र सम्पूर्ण पेश्की फर्छ्यौट गर्नुपर्ने व्यवस्था छ । यस पालिकावाट निर्माण व्यवसायीलाई पाँचौ रनिङ्ग विलको भुक्तानी भई सक्दा पनि कुल सम्झौता रकमको ३०% कामको मूल्याकंन नभएको भनि पेश्की फर्छ्यौट गरेको छैन् । खरिद सम्झौता अनुसारको काम सम्पन्न गर्नुपर्ने अवधिको करिव ८०% समय समाप्त हुने वेला सम्म पेश्की फर्छ्यौट गर्ने कार्य नहुनु उचित भएन । खरिद सम्झौता अनुसार कामको मूल्याङ्कनका साथै पेश्की फर्छ्यौट गरिसक्नु पर्ने अवधिलाई समेत ध्यान दिई पेश्की फर्छ्यौट गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| २३.२ | | | **ग. मूल्य समायोजन :** गो.भौ. ५।०७९।३।३० खरिद सम्झौताको SCC को GCC 53.1 मा The Contract is not subject to Price adjustment भन्ने उल्लेख छ । खरिद सम्झौतामा मूल्य वृद्धी लागू नहुने व्यवस्थ भएकोमा पालिकाले यस विलवाट मूल्य वृद्धि वापत रु ७५,६५,७७१।२४(मू.अ.कर थप समेत) भुक्तानी दिएको छ । वढी भुक्तानी दिएको मूल्य वृद्धि वापतको रकम सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु.. | ७,५६५,७७१ |
| २४ | | | **ठे.नं. SQ-09-078/79 Construction of Khadkabhawani Kot Temple Infrastructure Development** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **कार्यसम्पन्न मिति :** गो .भौ. ६६।०७९।०३।२५ ठे.नं. SQ-09-078/79 Construction of Khadkabhawani Kot Temple Infrastructure Development को निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी लक्की कन्स्ट्रक्सन निर्माण सेवा वीच कवोल अंक रु ८,८५,२८४।९५ को मिति २०७९।०२।१४ मा काम सम्पन्न गर्ने गरी मिति २०७८।१२।२१ मा सम्झौता भएको छ । यस निर्माण कार्यको प्रथम तथा अन्तिम विल वापत रु ८,४६,६७२।०० भुक्तानी भएको छ । नापी कितावमा कार्यसम्पन्न भएको म्याद २०७८।२।१० उल्लेख भएकोमा निर्माण व्यवसायीले भुक्तानीका लागि मिति २०७९।३।२४ मा निवेदन दिएको देखिन्छ । नापी कितावमा उल्लेख भएको कार्यसम्पन्न भएको मिति सही हो भनी भन्न सकिएन । यस्तो कार्यमा सुधार हुनु पर्दछ । | |
| २५ | | | **पदाधिकारी सुविधा**<br><br>पदाधिकारी सुविधाः लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष वैठक भत्ता रु. ६१२०००/- यातायात सुविधा रु. १७७२५८३/-, टेलिफोन तथा मोवाइल रु. ११११५००/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु. १२६०५००/-, जनसम्पर्क विशेष कार्यसुविधा रु. १९२२०००/-, अतिथि सत्कारमा रु. ४५७५००/-, खानेपानी र सरसफाईमा रु. २४५५००/-, मर्मत सम्भारमा रु. २४५५००/- र चाडपर्व खर्चमा रु. ३४२०००/- समेत रु. ७९६९०८३/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.७९६९०८३/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको एकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ । | |
| २६ | | | **नियम भन्दा बढी भुक्तानी** | |
| २६.१ | | | नियम विपरित बढी सुविधाः स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १४(२) मा ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा नपाउने व्यवस्था छ । २०७६/३/२४ को राजपत्रमा प्रकाशित पहिलो संसोधन ऐन, २०७६ बाट वडा अध्यक्ष ज्यूहरुको खानेपानी तथा सरसफाई र मर्मत संभार खर्च झिकिएको छ । तर पालिकाले २०७८ आषाढ देखि २०७९ बैशाख | २६०,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सम्मको खानेपानी तथा सरसफाई खर्च वापत सुविधा प्रदान गरेको देखिएकाले नियमविपरित प्रदान गरिएको रु. सम्बन्धितबाट असूल गर्नुपर्ने
<table>
<tr><th>वडा नं.</th><th>पदाधिकारीको नाम</th><th>महिना</th><th>दर</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>प्रेम चन्द्र बोहोरा</td><td>९</td><td>४०००</td><td>३६०००</td></tr>
<tr><td>२</td><td>माधव भुषाल</td><td>९</td><td>४०००</td><td>३६०००</td></tr>
<tr><td>३</td><td>नारायण घर्ति</td><td>१०</td><td>४०००</td><td>४००००</td></tr>
<tr><td>४</td><td>भिमप्रसाद भट्टराई</td><td>९</td><td>४०००</td><td>३६०००</td></tr>
<tr><td>५</td><td>हिमाल खड्का</td><td>९</td><td>४०००</td><td>३६०००</td></tr>
<tr><td>६</td><td>तोक बहादुर कुँवर</td><td>१०</td><td>४०००</td><td>४००००</td></tr>
<tr><td>७</td><td>काशि बहादुर बोहोरा</td><td>९</td><td>४०००</td><td>३६०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२६००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>स्थानीय भत्ताः अर्थ मन्त्रालयको मिति २०७१।४।२ गतेको परिपत्रमा उल्लिखित नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७१।३।२९ को निर्णयानुसार २०७१।४।१ देखि लागू हुने गरी स्वीकृत गरेको अनुसूची १ देखि ९ सम्मको नयाँ तलवमान, अनुसूची १० को स्थानीय भत्ताको दर तोकिएको थियो । सो अन्तर्गत अनुसूची १० ले गुल्मी जिल्लालाई 'घ' वर्गको जिल्लामा रहेको तथा 'ङ' वर्गका जिल्लाहरुले स्थानीय भत्ता नपाउने उल्लेख गरेको छ । त्यसैगरी, अर्थ मन्त्रालयको मिति २०७१।५।२ गतेको परिपत्रमा मन्त्रिपरिषद्को मिति २०७१।४।२९ गतेको निर्णयबाट संशोधन गरी स्थानीय भत्ता प्रयोजनको लागि मिति २०७१।३।२९ गते भएको निर्णयको सट्टा साविक बमोजिमको वर्गिकरण कायम गर्ने उल्लेख गरेको छ । सो सम्बन्धमा अनुसूची ४ अनुसार २०७१ साउन १ गते देखी लागु हुने स्थानीय भत्ताको मासिक दर</td><td>८०९,२४०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उल्लेख गरिएको छ । लेखापरीक्षणका क्रममा स्थानीय तहका कर्मचारीले २०७१।४।२ गतेको परिपत्रका आधारमा गुल्मीलाई 'घ' वर्गको जिल्ला मानेको देखियो जसमा 'ङ' वर्गका जिल्लाहरुले स्थानीय भत्ता नपाउने उल्लेख गरेको छ तर स्थानीय भत्ता भने २०७१।५।२ गतेको परिपत्रका अनुसार लिएको देखियो । २०७१।५।२ गतेको परिपत्रले भने 'ङ' वर्गका जिल्लाहरुले स्थानीय भत्ता पाउने उल्लेख गरेको छ । यस अर्थमा नेपालका सम्पूर्ण जिल्लाका कर्मचारीले स्थानीय भत्ता पाउने देखियो । मिति २०७१।५।२ गतेको परिपत्र अनुसार साविक बमोजिमको बर्गिकरण कायम गर्ने भनेकोमा साविकको वर्गिकरण कुन हो भन्ने ठोस प्रमाण बिना राष्ट्रलाई अत्याधिक आर्थिक भार पर्ने गरी लिएको स्थानीय भत्ता पाउने ठोस आधार पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने | |

| कर्मचारीको नाम | तह।श्रेणी | भत्ता दर 'घ' वर्ग २०७१।५।२ अनुसार | भत्ता दर 'घ' वर्ग २०७१।४।२ अनुसार | बढी रकम | जम्मा भत्ता | आलेप वेरुजु | बाँकी जम्मा |
|---|---|---|---|---|---|---|---|
| कमल प्रसाद भुसाल | रा.प.तृतीय | ३९४० | १३५० | २५९० | ३१०८० | १०२०० | २०८८० |
| हुम बहादुर थापा | सातौं | ३९४० | १३५० | २५९० | ३१०८० | ० | ३१०८० |
| डिल्लीराज भट्टराई | छैटौं | ३९४० | १३५० | २५९० | ३१०८० | ४४६० | २६६२० |
| कुलचन्द्र भुसाल | छैटौं | ३९४० | १३५० | २५९० | ३१०८० | ७७६० | २३३२० |
| दिलिप भट्टराई | छैटौं | ३९४० | १३५० | २५९० | ३१०८० | ९०६० | २२०२० |
| नारायण प्रसाद पन्थी | छैटौं | ३९४० | १३५० | २५९० | ३१०८० | ० | ३१०८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ठगुराम भट्टराई | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० | ० | २७३६० |
| तारा भट्टराई | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० | ९०९५ | १८२६५ |
| पदम पौडेल | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० | ० | २७३६० |
| विष्णु चन्द | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० | ० | २७३६० |
| दिपक के.सी | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० | ० | २७३६० |
| बसन्त ब. कुँवर | चौथो | २७६० | ८३० | १९३० | २३१६० | ० | २३१६० |
| पशुपति चन्द बोहोरा | चौथो | २७६० | ८३० | १९३० | २३१६० | ० | २३१६० |
| विर बहादुर वली | चौथो | २७६० | ८३० | १९३० | २३१६० | ० | २३१६० |
| विष्णु प्रसाद भुसाल | चौथो | २७६० | ८३० | १९३० | २३१६० | ३००० | २०१६० |
| विष्णु कुँवर | चौथो | २७६० | ८३० | १९३० | २३१६० | २०६५ | २१०९५ |
| लाल ब. घर्ति मगर | चौथो | २७६० | ८३० | १९३० | २३१६० | ० | २३१६० |
| बाबराम पन्थी | पाचौ | २२४० | ६१० | १६३० | १९५६० | ० | १९५६० |
| देव वहादुर विष्ट | पाचौ | २२४० | ६१० | १६३० | १९५६० | ० | १९५६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (nested table below) | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मुक्त बहादुर घर्ति | प्रथम | २२४० | ६१० | १६३० | १९५६० | ० | १९५६० |
| चन्द्र बहादुर के.सी | प्रथम | २२४० | ६१० | १६३० | १९५६० | ० | १९५६० |
| स्वास्थ्य तर्फ | | | | | | | |
| तिर्थराज पन्थी | छैटौँ | ३९४० | १३५० | २५९० | ३१०८० | ० | ३१०८० |
| नन्दा कुमारी थापा | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० | ० | २७३६० |
| कासि बहादुर बि.क | चौथो | २७१० | ८३० | १८८० | २२५६० | ० | २२५६० |
| चन्द्र बहादुर चन्द | पाँचौ | २२४० | ६१० | १६३० | १९५६० | ० | १९५६० |
| धन ब. थापा मगर | चौथो | २७६० | ८३० | १९३० | २३१६० | ० | २३१६० |
| कल्पना खड्का वली | चौथो | २७६० | ८३० | १९३० | २३१६० | ० | २३१६० |
| भुपेन्द्र खड्का | पाँचौ | २२४० | ६१० | १६३० | १९५६० | ० | १९५६० |
| इन्दिरा जि.सी | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० | ० | २७३६० |
| रोमलाल सुनार | चौथो | २७६० | ८३० | १९३० | २३१६० | ० | २३१६० |
| विष्णु भुसाल | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० | ० | २७३६० |
| चुमा सेन वली | पाँचौ | ३२१० | ९३० | २२८० | २७३६० | ० | २७३६० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>प्रकृति खत्री</td><td>चौथो</td><td>२७६०</td><td>८३०</td><td>१९३०</td><td>२३१६०</td><td>०</td><td>२३१६०</td></tr>
<tr><td>लाल बहादुर कुँवर</td><td>पाँचौ</td><td>२२४०</td><td>६१०</td><td>१६३०</td><td>१९५६०</td><td>०</td><td>१९५६०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>८५४८८०</td><td>४५६४०</td><td>८०९२४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>Learning by Earning कार्यक्रम : विधार्थिले सिक्दै कमाउदै कार्यक्रम अन्तर्गत श्री पृथ्वी माध्यमिक विधालय, मदाने-६ गुल्मी लाई गो.भौ.नं. २१३/२०७९/३/२३ वाट रु. १०,००,००० अनुदान उपलब्ध गराएको र विधालयले कन्टिजेन्सी र अग्रिम आयकर, मु.अ.क र पारीश्रमिक कर गरी जम्मा ६७,६६३.३४ वेरुजु खातामा जम्मा गरेकोमा निम्न पाईयो ।<br><br>1. लागत अनुमान नगरी सम्झौता गरेको : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा १६ ( ३ ) मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थ मन्त्रालय वा तालुक कार्यालयबाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी बजेट कार्यान्वयन गर्नु गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । गाँउपालिकाले विधालय संग सम्झौता गर्दा लागत अनुमान नगरी सम्झौता गरेको छ । साथै योजनाको वारेमा विष्तृत खुलाएको पनि पाईएन । गाँउपालिकाले संझौता गर्दा विधालयलाई एकमुष्ठ रु. १०,००,००० अनुदान उपलब्ध गराउने भनि सम्झौता गरेको छ । यसरी लागत अनुमान नगरी सम्झौता गर्दा कुन उदेश्यले कार्यक्रम संचालन भएको हो, के के कार्य गर्ने तथा कुन कुन सामाग्री खरिद गर्ने एकिन गर्न सकिदैन । गाँउपालिकाले अनुदान उपलब्ध गराउदा लागत अनुमान तयार गरेर मात्र उपलब्ध गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२७.२</td><td></td><td></td><td>स्व-अध्ययन पुष्तक छपाई : कोभिड वाट प्रभावित विधार्थिको लागि घरमै वसि अध्ययन गर्न को लागि गाँउपालिकाले ६,७ र ८ कक्षाका विधार्थिको लागि स्व-अध्ययन पुष्तक छपाई वितरण गरेकोमा निम्न पाईयो ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | 1. विधार्थि संख्या भन्दा वढी खरिद गरेको : गो.भौ.नं. २८६/२०७९/३/३२ बाट पुष्तक खरिद को रु. ५ लाख भुक्तानी भएकोमा IEMIS को विवरण अनुसार कक्षा ६ मा ४६४ , कक्षा ७ मा ४९३ र कक्षा ८ मा ४९४ गरि जम्मा १४५१ जना मात्र विधार्थि रहेकोमा गाँउपालिकाले प्रतिपुष्तक १४६.२५ को दरले ३००० पुष्तक छपाई गरेको पाईयो । गाँउपालिकाले विधार्थिको विवरण अनुसार खरिद गरि खरिद कार्यमा मितव्ययिता कायम गरी गर्नुपर्ने मा यसो गरेको पाईएन । गाँउपालिका वाट मौज्दातमा रहनेगरी वजेट खर्च गर्ने उदेश्यले मात्र खरिद गरेको पाईयो । यस्तो खर्च गाँउपालिका वाट नियन्त्रण गर्नु पर्दछ । | |
| २७.३ | | | सामुदायिक विधालयका छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन : सामुदायिक विधालयका छात्रा हरुलाई उपलब्ध गराउने उदेश्यले यस गाँउपालिकावाट रु. ९३५६४० मा ३६०० प्याकेट ( प्रति प्याकेट रु. २५.९९ ) खरिद गरी सवै सामुदायिक विधालयमा ३६०० प्याकेट हस्तान्तरण गरेकोमा निम्न पाईयो ।<br><br>1. वुझेको भर्पाई पेश नभएको : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ ( ५ ) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भर्पाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकामा प्रत्येक विधालय वाट स्यानिटरी प्याड वितरण गरेको भर्पाई पेश भएको पाईएन । विधालयवाट वितरणको भर्पाई पेश नहुदा कार्यविधिमा उल्लेख गरे अनुसार विधार्थिलाई वितरण भयो भएन खुल्दैन । गाँउपालिकाले विधालयवाट वितरण भएको प्याडको भर्पाई माग गरी विधालयलाई हस्तान्तरण भएको र वितरण भएको संख्या एकिन गर्नुपर्दछ । गाँउपालिका वाट स्यानिटरी प्याड वितरणको भर्पाई पेश हनुपर्दछ । | |
| २७.४ | | | कक्षा ११ को स्तरोन्नती भएका प्राविधिक धार विधालयको ल्याव व्यवस्थापन : यष कार्यक्रम अन्तर्गत पृथ्वी मा. वि मदाने ६ गुल्मी मा रु. ९,००,००० अनुदान दिएकोमा निम्न पाईयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | 1. लागत अनुमान नगरी सम्झौता गरेको : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा १६ ( ३ ) मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थ मन्त्रालय वा तालुक कार्यालयबाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी बजेट कार्यान्वयन गर्नु गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । गाँउपालिकाले विधालय संग सम्झौता गर्दा लागत अनुमान नगरी सम्झौता गरेको छ । साथै योजनाको वारेमा विष्तृत खुलाएको पनि पाईएन । गाँउपालिकाले संझौता गर्दा विधालयलाई एकमुष्ठ रु. ९,००,००० अनुदान उपलब्ध गराउने भनि सम्झौता गरेको छ । यसरी लागत अनुमान नगरी सम्झौता गर्दा कुन उदेश्यले कार्यक्रम संचालन भएको हो, के के कार्य गर्ने तथा कुन कुन सामाग्री खरिद गर्ने एकिन गर्न सकिदैन । गाँउपालिकाले अनुदान उपलब्ध गराउदा लागत अनुमान तयार गरेर मात्र उपलब्ध गराउनुपर्दछ । | |
| २७.५ | | | छोरी बुहारी उच्च शिक्षा कार्यक्रम : श्री जनज्योति क्याम्पस, मदाने ६ पर्कोट दहा मा स्नातक तहमा अध्ययन गरेको छोरी र वुहारिलाई निःशुल्क शिक्षा प्रदान गर्ने उदेश्य उक्त विधार्थिको सवै शुल्ल गाँउपालिकावाट अनुदान उपलब्ध गराउने उदेश्यले संचालन गरिएको यस कार्यक्रम मा रु. १०,००,००० अनुदान उपलब्ध गराएकोमा निम्न पाईयो ।<br><br>1. कार्यविधि नवानाई कार्यक्रम संचालन गरेको : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा १६ ( ३ ) मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थ मन्त्रालय वा तालुक कार्यालयबाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी बजेट कार्यान्वयन गर्नु गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । कार्यक्रम संचालन गर्दा कुन तहका छोरी तथा बुहारी लाई अनुदान उपलब्ध गराउने हो, कुन कुन आधारमा उपलब्ध गाराउने हो, कुन दरले उपलब्ध गराउने हो सो वारेमा कार्यविधि नवनाई कार्यक्रम संचालन गरेको पाईयो । विधालयले पठाएको विलको आधारमा गाँउपालिकाले विधालयको खातामा रकम भुक्तानी दिएको छ । यसरी कार्यविधि नबनाई कार्यक्रम संचालन गर्दा कार्यमा एकरुपता नआउने तथा तोकिएको उदेश्य बमोजिम कार्यक्रम संचालन हुन नसक्ने हुन्छ । गाँउपालिकाले कार्यक्रम कार्यान्वयन गर्दा कार्यविधि गराएर मात्र कार्यक्रम संचालन गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७.६</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत प्राविधिक ल्याव व्यवस्थापन : यष कार्यक्रम अन्तर्गत पृथ्वी मा. वि मदाने ६ गुल्मी मा रु. १०,००,००० अनुदान दिएकोमा निम्न पाईयो ।<br><br>1. लागत अनुमान नगरी सम्झौता गरेको : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा १६ ( ३ ) मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थ मन्त्रालय वा तालुक कार्यालयबाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी बजेट कार्यान्वयन गर्नु गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । गाँउपालिकाले विधालय संग सम्झौता गर्दा लागत अनुमान नगरी सम्झौता गरेको छ । साथै योजनाको वारेमा विष्तृत खुलाएको पनि पाईएन । गाँउपालिकाले संझौता गर्दा विधालयलाई एकमुष्ठ रु. १०,००,००० अनुदान उपलब्ध गराउने भनि सम्झौता गरेको छ । यसरी लागत अनुमान नगरी सम्झौता गर्दा कुन उदेश्यले कार्यक्रम संचालन भएको हो, के के कार्य गर्ने तथा कुन कुन सामाग्री खरिद गर्ने एकिन गर्न सकिदैन । गाँउपालिकाले अनुदान उपलब्ध गराउदा लागत अनुमान तयार गरेर मात्र उपलब्ध गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>प्रधानमन्ति रोजगार कार्यक्रम<br><br>तोकीए बमोजिमको रोजगारको सुनिश्चित : कामका लागि पारीश्रमिकमा आधारित सामुदायिक आयोजना ( सञ्चालन तथा व्यवस्थापन ) कार्यविधि, २०७७ को वुदाँ नं. ५ ( ३ ) मा प्रधानमन्त्रि रोजगार कार्यक्रम वाट सिर्जना हुने रोजगारीमा बेरोजगार व्यक्तिको सूचिको पहिलो प्राथमिकताक्रममा रहेका व्यक्तिलाई एक सय दिनको रोजगारीको सुनिश्चित गर्नुपर्ने व्यवस्था रहेको मा गाँउपालिकावाट बेरोजगार व्यक्तिलाई निम्न दिनको रोजगार दिएको पाईयो । अत: गाँउपालिकाले कार्यविधिमा उल्लेख गरे बमोजिम वेरोजगार व्यक्तिलाई तोकिएको दिनको रोजगारीको सुनिश्चित गर्नुपर्दछ ।<br><br><table><tr><th>क्र स</th><th>काम गरेकोदिन</th><th>संख्या</th></tr><tr><td>१</td><td>100</td><td>१००</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>90</td><td>८०</td></tr>
<tr><td>३</td><td>70</td><td>१०५</td></tr>
<tr><td>४</td><td>75</td><td>९८</td></tr>
<tr><td>५</td><td>15</td><td>४०</td></tr>
<tr><td>६</td><td>10</td><td>१०</td></tr>
<tr><td>७</td><td>80</td><td>१५</td></tr>
<tr><td>८</td><td>35</td><td>७०</td></tr>
<tr><td>९</td><td>65</td><td>१५</td></tr>
<tr><td>१०</td><td>7</td><td>२९</td></tr>
<tr><td>११</td><td>21</td><td>४५</td></tr>
<tr><td>१२</td><td>74</td><td>३७</td></tr>
<tr><td>१३</td><td>29</td><td>५०</td></tr>
<tr><td>१४</td><td>38</td><td>२५</td></tr>
<tr><td>१५</td><td>9</td><td>२२</td></tr>
<tr><td>१६</td><td>84</td><td>20</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | |
|---|---|---|
| १७ | 60 | 50 |
| १८ | 40 | 60 |
| १९ | 51 | 35 |

</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>कृषि तथा पशु तर्फ</td><td></td></tr>
